# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी, प्रदेश, नेपाल
स्था २०७३

२०७९ कार्तिक १ गते देखि २०७९ साल पौष मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरु

स्वत: प्रकाशन


रिब्दीकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खस्यौली, पाल्पा

ईमेल: ito.ribdikot@gmail.com


२०७९ माघ

प्रमुख प्रशासकीय अधिकृत

# २०७९ साल कार्तिक १ गते देखि २०७९ साल पौष मसान्त सम्म सम्पादित मुख्य क्रियाकलापहरु

| | |
|---|---|
| प्रकाशक | : रिब्दीकोट गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>सूचना तथा प्रविधि शाखा |
| वेवसाइट | : www.ribdikotmun.gov.np |
| ई-मेल ठेगाना | : ito.ribdikot@gmail.com<br>mail.ribdikotmun.gov.np |
| फेसबुक पेज | : www.facebook.com/ribdikotmun |
| प्रकाशन | : २०७९ माघ ४ |

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था २०७३

प्रमुख प्रशासकीय अधिकृत

## विषयसूची

१. गाउँपालिकाको परिचय ........ १
क) निकायको स्वरुप र प्रकृति ........ १
ख) गाउँपालिकाको काम, कर्तव्य र अधिकार ........ २
ग) रिब्दीकोट गाउँपालिकाबाट प्रदान हुने सेवा ........ २
घ) रिब्दीकोट गाउँपालिकाका शाखाहरु तथा वडाहरु र जिम्मेवारी अधिकारी ........ ३
ङ) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ........ ३
च) निर्णय गर्ने प्रकृति र अधिकार ........ ३
छ) निर्णय उपर उजुरी सुन्ने अधिकारी ........ ४
ज) कार्यालय प्रमुख तथा सूचना अधिकारी ........ ४
झ) ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको विवरण ........ ४
ञ) अघिल्लो आ.व. मा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण ........ ४
ट) रिब्दीकोट गाउँपालिकाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण ........ ४
ठ) रिब्दीकोट गाउँपालिकाको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्ने तोकिएको समायवधि ........ ४
ड) रिब्दीकोट गाउँपालिकामा परेको सूचना माग सम्बन्धी सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय ........ ४
ढ) रिब्दीकोट गाउँपालिकाका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण ........ ४
ण) रिब्दीकोट गाउँपालिकाको कर्मचारी स्वीकृत दरबन्दी विवरण तथा पद पूर्तिको अवस्था ........ ५
क) गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय तर्फ ........ ५
ख) स्वास्थ्य संस्थाहरु तर्फ ........ ६
ग) विभिन्न कार्यक्रम तर्फ ........ ६
२. आ.ब २०७९।०८० मा शाखागत रुपमा भए/गरेका कार्यको दोस्रो त्रैमासिक प्रतिवेदन
क) सेवा प्रशासन तथा सुशासन तर्फ ........ ६
ख) आर्थिक प्रशासन शाखा ........ ७
ग) कृषि र पशु विकास तर्फ ........ ७
घ) स्वास्थ्य सेवा तर्फ ........ ८
ङ) आर्युवेद तर्फ ........ ८
च) पूर्वाधार तर्फ ........ ९
छ) शिक्षा युवा तथा खेलकूल तर्फ ........ ९
ज) सहकारी तर्फ ........ १०
झ) सामाजिक सुरक्षा तर्फ ........ १०
ञ) महिला तथा बालबालिका विकास तर्फ ........ १०

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी, प्रदेश, नेपाल
स्था २०७३

ट) प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ........................................................................................................१०
ठ) लघु उद्यम तर्फ...............................................................................................................................................११
ड) म बनाउँछु मेरो रिब्दीकोट अभियान ...................................................................................................११
ढ) रिब्दीकोट गाउँपालिकामा परेको सूचना माग सम्बन्धी निवेदन ..........................................................११
ण) न्यायिक कार्य सम्पादन तर्फ .................................................................................................................११

## १. गाउँपालिकाको परिचय:

रिब्दीकोट गाउँपालिका लुम्बिनी प्रदेश अन्तरगत पाल्पा जिल्लामा अवस्थित छ । नेपाल सरकारले संविधानको भावना र मर्मअनुरसार तोकिएका अधिकार र दायित्वलाई पुरा गर्ने हेतुले viable, sustainable and competent सरकारका रुपमा र केन्द्र सरकारको विकल्प नभै सहअस्तित्व सहसम्बन्धका आधारमा प्रतिस्पर्धाको भावना र जनताको नजिकको सरकारको रुपमा विकास गर्ने मनसायले अधिकार, स्रोत सहित ७४४ स्थानीय तहका रुपमा परिस्करण गर्ने सिलसिलामा साविकका ८ वटा गाउँ विकास समिती ख्याहा, देउराली, खस्यौली, भैरवस्थान, कुसुमखोला, पालुङमैनादी, ठिमुरे र फेक गाविसलाई मिलाएर दिगो एकाईका रुपमा विकास गर्ने गरी रिब्दीकोट गाउँपालिका गठन भएको हामी सबैको ठहर छ । रिब्दीकोट गाउँपालिकाको कुल जनसंख्या १८,७७० रहेको छ । यसको क्षेत्रफल १२४.५५ वर्ग कि.मी. रहेको छ । यसको सिमाना पूर्वमा तानसेन नगरपालिका, पश्चिममा रैनादेवी छहरा गाउँपालिका, उत्तरमा तानसेन नगरपालिका र गुल्मी जिल्ला तथा दक्षिणमा तिनाउ गाउँपालिका रहेका छन् ।

औसत पारिवारिक आम्दानीमा कृषि व्यवसायको ठूलो हिस्सा रहेको छ र स्थानिय बासिन्दाको आम्दानीको मुख्य स्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस गाउँपालिकामा विभीन्न चाडपर्व तथा जात्रा मनाउने गरिन्छ । तिज, दशै, तिहार, माघेसक्रान्ति, कृष्णजन्माष्टमी, बुद्धजयन्ती आदि यहाँका चाडपर्व आफ्नो धर्मअनुसार मनाउने गरेको पाईन्छ । साथै यहाँको सराय नाच, फागु नाच, लाखे नाच,झ्याउरे, देउसी भैलो र ठुलो नाच आदिले गर्दा सास्कृतिक रुपमा समृद्ध समाज निर्माणमा उल्लेख्य योगदान पुर्याएको मान्न सकिन्छ ।

### क) निकायको स्वरुप र प्रकृति:

नेपाली जनताको पटक पटकको ऐतिहासिक जन आन्दोलन, संघर्ष, वीर सहिदहरुको बलिदान र अथक प्रयासबाट २०७२ असोज ३ गते संविधान संभाबाट जारी नेपालको संविधानको धारा ५६ बमोजिम स्थापित रिब्दीकोट गाउँपालिका, पाल्पा ७५३ वटा स्थानीय तह मध्ये एउटा स्थानीय सरकार हो । यसले कार्यपालिकीय, विधायिकी र न्यायिक कार्य गर्दछ । जसमा कार्यपालिका मार्फत स्थानीय सरकारको हैसियतमा कार्यपालिकीय, गाउँसभा मार्फत विधायिकीय र न्यायिक समिति मार्फत न्यायिक कार्य सम्पादन गर्दछ ।

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी, प्रदेश, नेपाल
स्था २०७३

प्रमुख प्रशासकीय अधिकृत

**ख) गाउँपालिकाको काम, कर्तव्य र अधिकार:**

नेपालको संविधान धारा ५७ बमोजिम अनुसूची ८ र ९ अन्तर्गतका अधिकारहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ लगायत प्रचलित ऐन, नियमको अधिनमा रही रिब्दीकोट गाउँपालिका, पाल्पाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ।

- नेपालको संविधानको धारा ५७ बमोजिम अनुसूची ८ र ९ अन्तर्गतका अधिकारहरु,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ अन्तर्गतका विषयमा न्यायिक समिति मार्फत न्यायिक निरुपण गर्ने।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिमका कार्यहरु (गाउँ प्रहरी, सहकारी संस्था, एफ एम संचालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवा व्यवस्थापन, स्थानीय तथ्यांक र अभिलेख संकलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य तथा सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिचाई, गाउँ सभा, मेलमिलाप तथा मध्यस्थताको व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, खानेपानी, विपद् व्यवस्थापन, भाषा, संस्कृतिको संरक्षण तथा विकास लगायत गर्ने।
- समग्रमा संविधान र ऐन, नियमको अधिनमा रही कार्यपालिकीय, व्यवस्थापकीय र न्यायिक कार्यहरु सम्पादन गर्ने।

**ग) रिब्दीकोट गाउँपालिकाबाट प्रदान हुने सेवा :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ बमोजिमका विवादको न्यायिक निरुपण, दैनिक स्थानीय सेवा प्रवाह तथा व्यवस्थापन, सहकारी संस्था, स्थानीय तथ्यांक र अभिलेख संकलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजना , आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, कृषि सडक र सिचाई, गाउँसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी खानेपानी, विपद् व्यवस्थापन, भाषा, संस्कृतिको संरक्षण तथा विकास आदि सेवाहरुको व्यवस्थापन तथा संचालन गर्ने।

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था २०७३

२

प्रमुख प्रशासकीय अधिकृत

**घ) रिब्दीकोट गाउँपालिकाका शाखाहरु तथा वडाहरु र जिम्मेवारी अधिकारी :**

| | | |
|---|---|---|
| शिक्षा शाखा | : | अधिकृत आठौं, मणि प्रसाद खनाल |
| आर्थिक प्रशासन शाखा | : | अधिकृत सातौ, मन्जु पन्थी |
| प्रशासन शाखा | : | अधिकृत छैठौं, रुकलाल भट्टराई |
| योजना तथा जिन्सी शाखा | : | अधिकृत छैठौ, काशीनाथ आचार्य |
| स्वास्थ्य शाखा | : | जनस्वास्थ्य निरीक्षक, सुनिल अधिकारी |
| सूचना प्रविधि शाखा | : | ..................... |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | : | रोजगार संयोजक, दुर्गा पछाई |
| सामाजिक सुरक्षा/पञ्जीकरण/महिला तथा बालबालिका शाखा | : | एम.आइ.एस अपरेटर, सिर्जना नेपाल |
| राजश्व शाखा | : | ............... |
| पशु शाखा | : | सहायक पाँचौ गीता नेपाली |
| आ.ले.प शाखा | : | प्रबिन खड्का |
| कृषि शाखा | : | सहायक चौथो रञ्जिव कुँवर |
| सहकारी शाखा | : | सहायक चौथो उमा खनाल |
| वडा नं. १ सचिव | : | हरि कुमारी आचार्य |
| वडा नं. २ सचिव | : | हुम बहादुर बरौले |
| वडा नं. ३ सचिव | : | गणेश प्रसाद आचार्य |
| वडा नं. ४ सचिव | : | हिमा खड्का |
| वडा नं. ५ सचिव | : | सुमन रेश्मी |
| वडा नं. ६ सचिव | : | विष्णु बहादुर थापा |
| वडा नं. ७ सचिव | : | कमल प्रसाद ज्ञवाली |
| वडा नं. ८ सचिव | : | तिल बहादुर थापा |

**ङ) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:** सेवाको प्रकृति अनुसार

**च) निर्णय गर्ने प्रकृति र अधिकार :** नेपालको संविधान, स्थानीय सरकास संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६४ तथा नियमावली २०६५, संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, पाल्पाबाट भएका तथा हुने परिपत्र बमोजिमका कार्यहरु ।

रिब्दीकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खस्यौली, पाल्पा लुम्बिनी, प्रदेश, नेपाल स्था २०७३

प्रमुख प्रशासकीय अधिकृत

**छ) निर्णय उपर उजुरी सुन्ने अधिकारी:** प्रमुख प्रशासकीय अधिकृत, न्यायिक समितिको संयोजक सम्बन्धित वडाका वडाध्यक्ष, गाउँपालिका अध्यक्ष

**ज) कार्यालय प्रमुख तथा सूचना अधिकारी :**

- कार्यालय प्रमुख : प्रमुख प्रशासकीय अधिकृत पबन अर्याल
- सूचना अधिकारी : मञ्जु पन्थी

**झ) ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको विवरण:**

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- आर्थिक कार्यविधि नियमावली, २०६४ तथा नियमावली, २०६५
- भ्रमण खर्च नियमावली, २०६४
- सार्वजनिक खरिद ऐन, २०६४ र नियमावली, २०६५
- रिब्दीकोट गाउँपालिकाबाट निर्माण भएका ऐन, नियमहरु
- सङ्घीय सरकार, प्रदेश सरकारबाट विभिन्न मितिमा जारी भएका ऐन, नियम तथा निर्देशिकाहरु।

**ञ) अघिल्लो आ.व. मा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण :** वार्षिक बजेट बमोजिमका कार्यक्रम अन्तर्गत कृषि, पशु, शिक्षा, स्वास्थ्य, लक्षित कार्यक्रमहरु खेलकूद र आयोजना तर्फ सडक, खानेपानी, सिचाई आदि संचालन भएको।

**ट) रिब्दीकोट गाउँपालिकाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :** छैन

**ठ) रिब्दीकोट गाउँपालिकाको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्ने तोकिएको समायवधि:** छैन।

**ड) रिब्दीकोट गाउँपालिकामा परेको सूचना माग सम्बन्धी सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय :** छ।

**ढ) रिब्दीकोट गाउँपालिकाका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण :**

- नागरिक बडापत्र
- कार्यालयको सूचना पाटी

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था २०७३

प्रमुख प्रशासकीय अधिकृत

- एफ.एम.रेडियो र पत्र-पत्रिका
- कार्यालयको वेवसाइट र फेसबुक पेज
- वार्षिक कार्ययोजना तर्जुमा
- स्थानीय राजपत्र

(ण) रिब्दीकोट गाउँपालिकाको कर्मचारी स्वीकृत दरबन्दी विवरण तथा पद पूर्तिको अवस्था:

क) <u>गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय तर्फ :</u>

| क्र.सं. | पदको नाम | तह | सेवा/समूह/उपसमूह | जम्मा स्वीकृत स्थायी दरबन्दी | पदपूर्ति भएको स्थायी कर्मचारी | करार पूर्ति | जम्मा पूर्ति | खुद रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्र.प्र.अधिकृत | रा.प.तृतीय | प्रशासन | १ | १ | ० | १ | ० |
| २ | अधिकृत | ७/८ औं | शिक्षा, शिक्षा प्रशासन | १ | १ | ० | १ | ० |
| ३ | अधिकृत | ७/८ औं | प्रशासन, लेखा | १ | १ | ० | १ | ० |
| ४ | अधिकृत | ७/८ औं | कृषि | १ | ० | ० | ० | १ |
| ५ | अधिकृत | ७/८ औं | कृषि, भेटेरिनरी | १ | ० | ० | ० | १ |
| ६ | अधिकृत | ६ औं | प्रशासन, सा.प्र. | २ | २ | ० | २ | ० |
| ७ | ईन्जिनियर | ६ औं | इन्जिनियरिङ्ग, सिभिल | १ | ० | ० | ० | १ |
| ८ | ज.स्वा.नि. | ६ औं | स्वास्थ्य, हे.ई. | १ | १ | ० | १ | ० |
| ९ | सि.अ.न.मि. निरीक्षक | ६ औं | स्वास्थ्य, क.न. | १ | १ | ० | १ | ० |
| १० | आ.ले.प. | ५ औं | प्रशासन, लेखा | १ | १ | ० | १ | ० |
| ११ | सहायक | ५ औं | प्रशासन, सा.प्र. | ७ | ६ | ० | ६ | १ |
| १२ | कम्प्युटर अपरेटर | ५ औं | विविध | १ | १ | ० | १ | ० |
| १३ | लेखा सहायक | ५ औं | प्रशासन, लेखा | १ | १ | ० | १ | ० |
| १४ | प्रा.स. | ५ औं | शिक्षा, शिक्षा प्रशासन | १ | १ | ० | १ | ० |
| १५ | सब-इन्जिनियर | ५ औं | इन्जिनियरिङ्ग, सिभिल | ४ | १ | १ | २ | २ |
| १६ | सहायक | ५ औं | कृषि | २ | ० | ० | ० | २ |
| १७ | पशु स्वास्थ्य प्राविधिक | ५ औं | कृषि, भेटेरिनरी | १ | १ | ० | १ | ० |
| १८ | पशु सेवा प्राविधिक | ५ औं | कृषि, ला.पो.ड.डे. | १ | ० | ० | ० | १ |
| १९ | अ.सब.इन्जिनियर | ४ औं | इन्जिनियरिङ्ग, सिभिल | ६ | १ | ३ | ४ | २ |
| २० | खा.पा.स.टे. | ४/५ औं | इन्जिनियरिङ्ग, सिभिल, सेनिटरि | १ | १ | ० | १ | ० |
| २१ | स.म.वि.नि. | ४ औं | विविध | १ | ० | ० | ० | १ |
| २२ | सहायक | ४ औं | कृषि | १ | ० | १ | १ | ० |
| २३ | ना.प.स्वा.प्रा. | ४ औं | कृषि, भेटेरिनरी | १ | ० | १ | १ | ० |
| २४ | ना.प.से.प्रा. | ४ औं | कृषि, ला.पो.ड.डे. | १ | ० | १ | १ | ० |
| २५ | सहायक | ४ औं | प्रशासन, सा.प्र. | ५ | २ | १ | २ | ३ |
| | जम्मा | | | ४५ | २३ | ८ | ३० | १५ |

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था २०७३

प्रमुख प्रशासकीय अधिकृत

ख) स्वास्थ्य संस्थाहरु तर्फ:

| क्र.सं. | पदको नाम | तह | सेवा/समूह/उपसमूह | जम्मा स्वीकृत स्थायी दरबन्दी | पदपूर्ति भएको स्थायी कर्मचारी | करार पूर्ति | जम्मा पूर्ति | खुद रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | ८ औं | स्वास्थ्य | १ | १ | ० | १ | ० |
| २ | हेल्थ असिष्टेन्ट | ५ औं | स्वास्थ्य हे.ई. | ८ | ० | १ | ८ | ० |
| ३ | स्टाफ नर्स | ५ औं | स्वास्थ्य क.न. | १ | ० | १ | १ | ० |
| ४ | कविराज | ४ औं | स्वास्थ्य आयुर्वेद | १ | १ | ० | १ | ० |
| ५ | अ.हे.व. | ४ औं | स्वास्थ्य हे.ई. | १७ | ६ | ११ | १७ | ० |
| ६ | अ.न.मि. | ४ औं | स्वास्थ्य क.न. | १७ | १६ | १ | १७ | ० |
| ७ | ल्याव असिष्टेन्ट | ४ औं | स्वास्थ्य ज.मे.ल्या.टे. | १ | १ | ० | १ | ० |
| ८ | वैद्य | ४ औं | स्वास्थ्य आयुर्वेद | १ | ० | १ | १ | ० |

ग) विभिन्न कार्यक्रम तर्फ:

| क्र.सं. | पद | दरबन्दी | करार पूर्ति | रिक्त |
|---|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत | १ | ० | १ |
| २ | रोजगार संयोजक | १ | १ | ० |
| ३ | प्राविधिक सहायक | १ | १ | ० |
| ४ | रोजगार सहायक | १ | १ | ० |
| ५ | एम.आइ.एस. अपरेटर | १ | १ | ० |
| ६ | फिल्ड सहायक | १ | १ | ० |
| ७ | उद्यम विकास सहजकर्ता | २ | २ | ० |

## आ.ब २०७९।०८० मा शाखा/क्षेत्रगत गत रुपमा भए/गरेका कार्यको दोस्रो त्रैमासिक प्रतिवेदन।

**(क) सेवा प्रवाह तथा सुशासन तर्फ:**

- गाउँपालिकामा नागरिक सहायता कक्षको व्यवस्था गरिएको छ।
- सेवाग्राहीलाई तातो चिसो शुद्ध खानेपानीको व्यवस्था गरिएको छ।
- डिजिटल डिस्प्ले सहित नागरिक वडापत्रको स्थापना गरिएको छ।
- चौमासिक समिक्षा सम्पन्न भएको छ।
- कृषि सूचना प्रवाहका लागि इ-चौतारीको सुरुवात भएको।
- वडा नं. ३, ४ र ७ को कार्यालय व्यवस्थापन गरी सेवाग्राहीलाई सहज बनाइएको छ।
- गाउँपालिकाको परिसर सुधार गरी सेवाग्राहीमैत्री बनाइएको छ।
- भुक्तानी तर्फ चेकरहित EFT System को सुरुवात गरिएको छ।

रिब्दिकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अर्ग्याली, पाल्पा लुम्बिनी प्रदेश, नेपाल स्था २०७३

प्रमुख प्रशासकीय अधिकृत

**(ख) आर्थिक प्रशासन तर्फ:**

- चालु आ.व.मा रिब्दीकोट गाउँपालिकामा विनियोजित रकम रु.५५ करोड ३१ लाख ९३ हजार ३ सय एक्काइसमध्ये चालु तर्फ रु. ३५ करोड बाउन्न लाख ६ हजार ९ सय एक्काईस र पूँजीगत तर्फ १९ करोड ७९ लाख ८६ हजार ४ सय रहेको छ।
- हालसम्मको वित्तिय प्रगती चालु तर्फ रु. १० करोड ६२ लाख ८० हजार १ सय १९ र पूँजीगत तर्फ १ करोड ३० लाख ५८ हजार ६ सय ४७ रुपियाँ ३ पैसा रहेको छ।
- चालु आ.व.मा २३ लाख ५९ हजार ९ सय ३८ रुपियाँ २० पैसा राजश्व संकलन भएको छ। हामीले राजश्व संकलनलाई वृद्धि गर्न ध्यान केन्द्रित गरेका छौं।

**(ग) कृषि र पशु विकास तर्फ**

- उन्नत बिउमा प्रोत्साहन अनुदान कार्यक्रमबाट २५२० के.जी. भृकुटी गहुँ सबै वडाहरुका कृषकको माग बमोजिम ५०% अनुदानमा वितरण कार्य सम्पन्न भएको छ।
- एकिकृत कृषि विकास कार्यक्रमबाट "एक घर एक करेसाबारी " रिब्दीकोट गाउँपालिकाभरी सबै घरधुरीलाई नि:शुल्क रुपमा बिउ वितरण कार्य सम्पन्न भएको छ।
- अकबरे खुर्सानी उत्पादन बढाउन कृषकहरुलाई तालिम सञ्चालन गरिएको।
- एक वडा एक नमुना उत्पादनबाट सबै वडाका कृषकहरुको माग बमोजिम ५०% अनुदानमा ७० टन आलु बिउ वितरण कार्य समपन्न भएको छ।
- सबै वडाका कृषकहरुलाई ५०% अनुदानमा २८ कुन्टल उन्नत तोरी बिउ वितरण कार्य सम्पन्न भएको छ।
- हेफर प्रोजेक्ट नेपाल र गाउँपालिकाको साझेदारीमा ३५ वटा हाते ट्रयाक्टर वितरण गरिएको र बाँकी माग अनुसार वितरण गर्ने कार्यक्रम रहेको रहेको छ।
- ५७६० वटा पशुपन्छीको उपचार पशु विकास शाखाबाट सम्पन्न भएको छ। पशु स्वास्थय परीक्षण गरी रोग निदान गर्न यस गाउँपालिका अन्तर्गका २१७ गाई भैशीको गोवर परीक्षण गरीएको छ। साथै नश्ल सुधारका लागि १८१ गाई भैसीको कृत्रिम गर्भाधान गरिएको छ।
- चालु आ.व. को यो अवधी सम्म ३२७ गोरु, बोका र बुङ्गुरको बन्धयाकरण गरीएको छ।
- १६ फर्म तथा ३९ किसानलाई घाँसको बिउ वितरण गरिएको छ।
- गाउँपालिकाले कृषि तथा पशुलाई उच्च प्राथमिकतामा राख्ने नीती अनरुप ब्यावसायिकता प्रवर्द्धन गर्न २८ वटा कृषि तथा पशुपक्षीं फर्म र ५ वटा कृषक समूह दर्ता गरिएको।

रिब्दीकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खस्यौली, पाल्पा लुम्बिनी, प्रदेश, नेपाल स्था २०७३

प्रमुख प्रशासकीय अधिकृत

**(घ) स्वास्थ्य सेवा तर्फ**

- पाल्पा जिल्लामै पहिलो पटक नि:शुल्क डेंगु परीक्षणको व्यवस्था मिलाईएको छ ।
- खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रमा विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरि विशेषज्ञ स्वास्थ्य सेवा दिइदै आएको छ।
- खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रलाई व्यवस्थित र प्रविधीमैत्री बनाउन जेनेरेटर, रेफ्रिजेरेटर तथा कम्प्युटरको व्यवस्था गरिएको छ ।
- ज्येष्ठ नागरिकहरुलाई घरमै गएर स्वास्थ्य जाँच गर्ने कार्य निरन्तर चलिरहेको छ।
- स्वास्थ्य अत्यावश्यक औषधीको अभाव नहुने गरी व्यवस्था मिलाइएको छ ।
- आत्महत्या रोगथामको लागि सचेतना कार्यक्रम संचालन गरिएको छ।
- महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई मानसिक स्वास्थ्य कार्यक्रमको अभिमुखिकरण गरिएको छ ।
- सबै विध्यालयहरुमा किशोरीहरुको लागि आईरन चक्की वितरण गरिएको छ।
- निरन्तर रुपमा सुरक्षित गर्भपतन सेवा प्रदान भैरहेको छ ।
- सुरक्षित प्रसुती सेवा प्रदान गरिएको छ।
- खस्यौली प्राथमिक स्वास्थ्य केन्द्र बाट पोषण उपचारको लागि OTC स्थापनागरिएको छ ।
- दीर्घ रोगीलाई पोषण तथायातायात सुविधाकार्यक्रमअन्तरगतआर्थिक सहयोग गरिएको छ।
- प्रदेश सरकारबाट क्यान्सर, मुटु र मृगौला रोगीहरुको लागि १३ जनालाई रु. २,००,००० को सिफारिस र नेपाल सरकारबाट विपन्न नागरिक औषधी उपचारको लागि १३ जनालाई रु १ लाख बराबरको सिफारिस दीर्घ रोग सम्बन्धी गाउँपालिकाबाट पोषण तथा उपचार यातायात रकम रु छ हजारका दरले चालिस जनालाई भुक्तानी दिइएको छ ।
- रिब्दीकोट ४ मा थप ठाँउबाट दैनिक स्वास्थ्य सेवा दिन शुरु गरिएको छ ।

**(ङ)आयुर्वेद तर्फ**

- विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम ३ वटा विद्यालयमा सम्पन्न भएको छ ।
- नागरिक आरोग्य कार्यक्रम अन्तरगत पालिका स्तरिय र ४ वटा वडास्तरिय आरोग्य समिति गठन भएको छ ।
- चालु आ.व.मा १६६५ जना सेवाग्राहीले आयुर्वेदिक औषधोपचार सेवा प्राप्त गर्नुभएको छ ।

रिब्दीकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खस्यौली, पाल्पा लुम्बिनी, प्रदेश, नेपाल स्था २०७३

प्रमुख प्रशासकीय अधिकृत

**(च) पूर्वाधार विकास तर्फ**

- ९०.३४ कि.मि. सडक मर्मत भएको । ७०० मिटर सडक ग्राभेल तथा ५ कि.मि. सडक नयाँ ट्र्याक खोल्ने कार्य भएको छ। गणेशगोठ कान्छिपोखरी मोटरबाटो स्तरोन्नती, लाकुरीपोखरी मोटरबाटोमा ६० मिटर ढलान कार्य सम्पन्न गरिएको छ । आरन टोल र कोर्लिखर्कमा मोटरबाटोमा पिसिसि गरिएको छ ।
- जोगिथुम किशोरका घरदेखी ढल निकास, घाताको घरदेखी स्कुल जाने मोटरबाटो निर्माण, राधाकृष्ण देखी गैरागाउँ माझटोल जाने गोरेटोबाटो निर्माण कार्य सम्पन्न हुने चरणमा छन।
- मालमोलमा निलो माटोमा गोरेटोबाटो सिडि तथा ढलान कार्य सम्पन्न गरिएको छ ।
- गाउँपालिका भित्रका सबै मोटरबाटोहरु निर्बाध रुपमा चल्ने अवस्थामा राखिएको छ ।
- हटिया भारकोट डुम्रे मो.बा. स्तरोन्नती तथा देउराली-शान्तिचौर-ख्याहा-जोगिथुम मोटर बाटोको ठेक्का सम्झौता भई काम अगाडी बढेको ।
- वडा नं. ८ मा ट्रष्ट ब्रिज निर्माण कार्य सुरु भएको छ।
- हार्थोक देखि गाउँपालिका सम्मको बाटो व्यवस्थित गरिएको तथा बतासे सम्मको सडक मर्मतग गरिएको छ।
- लुम्बिनी प्रदेश सरकार सगँको सहकार्य र समन्वयमा वडा नं. ७ को सैटाला मैनादीको ५ कि.मी. चौडा गरिएको , बतासे मैनादी ५५ मिटर ढलान ,सिर्जना फर्म देखि चकल्दी पुलमोटरबाटोको स्तरोन्ती गर्ने कार्य र छत्रदेव मन्दिर पुनः निर्माण शुरुगरिएको छ ।
- धारादी लिन्दी झैपाटी मोटरबाटो ४५ मि पक्की नाली निर्माण कार्य सम्पन्न ।
- गेजाखर्क रिपटोल मोटरबाटो वडा नं.४ मा ३७ मिटर ढलान कार्य ।
- पोखलडाँडा पिपलबोट मोटरबाटो २० मिटर सिलिङ् र ३६ मिटर पक्की नाली ।
- पोस्टोल मोटरबाटो ३८ मिटर ढलान कार्य ।
- पोरक्नी कोर्लीघाट ६ कि.मी.

**(छ) शिक्षा युवा तथा खेलकूद तर्फ**

- शैक्षिक सत्र २०७८ को माध्यमिक शिक्षा परिक्षा SEE मा उच्च ग्रेड प्राप्त गर्ने विद्यार्थीहरुलाई सम्मान कार्यक्रम सम्पन्न ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि कार्यक्रम छनौट गरि पठाइएकोमा कायक्रम छनौट भई आएको ।

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी, प्रदेश, नेपाल
स्था २०७३

प्रमुख प्रशासकीय अधिकृत

- मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तरगत रु. ६०,००,०००। (अक्षरुपी साठी लाख मात्र) बाट कार्यक्रम छनौट गरी स्विकृतको लागी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन तथा समन्वय इकाई राप्ती उपत्यका देउखुरी दाङमा पठाइएको ।

**(ज) सहकारी तर्फः**

- COPOMIS आवद्वताका लागि गाउँपालिका भित्रका सञ्चालनमा रहेका ३३ वटा सहकारी मध्ये १२ वटा सहकारीलाई आवद्वता गराईएको र बाँकी २१ वटा सहकारी आवद्वताको प्रकृयामा रहेका छन्।
- जनप्रिय स्वावलम्बन बचत तथा ऋण सहकारी संस्था र दिदिबहिनी महिला कृषक बहुउद्देश्यीय सहकारी संस्थाको विनियम पुर्नलेखन गरिएको ।
- रिब्दीकोट कृषि प्रशोधन बहुउद्देश्यीय सहकारी संस्था नयाँ दर्ता गरिएको ।

**(झ) सामाजिक सुरक्षा तर्फः**

चालु आ.व. मा २७०१ जना लाभग्राहीको सामाजिक सुरक्षा नविकरण भएको छ । ३२५ जना नयाँ दर्ता तथा ४४ जनाको लगत कट्टा भई २९८२ कायम भएको छ भने व्यक्तिगत घटना दर्ता तर्फ ७६० जनाले सेवा पाएका छन्।

**(ञ) महिला तथा बालबालिका विकास तर्फ**

- विभिन्न वडामा ज्येष्ठ नागरिक सम्मानका कार्यक्रम सम्पन्न गरिएको।
- ७ वटा वडाहरुमा महिला समन्वय समितिको पुर्नगठन गरिएको र वडा नं. १ को महिला समन्वय समिति र गाउँपालिका स्तरीय महिला समन्वय समिति गठन प्रकृयामा रहेको।
- लैङ्गिक हिंसा विरुद्धक १६ दिने अभियानको अवसरमा गाउँपालिका स्तरीय वृहत अन्तरकृया कार्यक्रम संचालन गरिएको।

**(ट) प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ**

- प्रत्येक वडामा २/२ वटा श्रममुलक आयोजना छनौट कार्य सम्पन्न भएको।
- ८ वटै वडामा उपभोक्ता समिति गठन कार्य सम्पन्न भएको।
- ६ वटा वडामा १२ वटा योजनाको संझौता कार्य सम्पन्न भएको।
- ६ वटा वडामा ८९ जनाले औषत ४० दिनको रोजगारी प्राप्त गरेको।



प्रमुख प्रशासकीय अधिकृत

**(ठ) लघु उद्यम तर्फ**

- ४ वटा वडामा वडास्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।
- २ वटा वडामा सहभागितात्मक ग्रामिण लेजोखा कार्यक्रम सम्पन्न।
- १ वटा वडामा घरधुरी सर्वेक्षण Form A र सम्भावित उद्यमीका लागि Form B को सर्वेक्षण सम्पन्न।

**(ड) म बनाउँछु मेरो रिब्दीको अभियान**

- खनौं आफ्नो माटो छोडौं विदेशको माटो अभियानमा युवाहरुको उत्साहपूर्वक उपस्थिति रहेको।
- "म बनाउँछु मेरो रिब्दीकोट" अभियानमा हालसम्म १०७९ जनाले योगदान गर्नुभई एकता, भाइचारा र स्वयसेवी भावनाको विकास भएको।
- हार्थोक देखी गा.पा. सम्मको बाटो व्यवस्थित गरिएको।

**(ढ) रिब्दीकोट गाउँपालिकामा परेको सूचना माग सम्बन्धि निवेदनः**

- आ.व. २०७८/७९ मा एउटा संस्थालाई सहकारी संस्था सम्बन्धी सूचना मागको निवेदन परेको र निज संस्थालाई सूचना उपलब्ध गराइएको।

**(ण) न्यायिक कार्य सम्पादन तर्फः**

- न्यायिक समितिमा गत आ.व. बाट यस आ.व.मा जिम्मेवारी सारिएको मुद्दा संख्या ⇒ ४
- चालु आ.व.को पौष मसान्त सम्म न्यायिक समितिमा दर्ता भएका मुद्दा संख्या ⇒ ५
- न्यायिक समितिमा रहेका कूल मुद्दा संख्या ⇒ ९
- चालु आ.व.को कार्तिक मसान्त सम्म फर्छयौट भएका मुद्दा संख्या ⇒ ३
- प्रक्रियामा रहेका मुद्दा संख्या ⇒ ६

*सबै मुद्दाहरु मेलमिलापको माध्यमबाट फर्छयौट भएका छन्।*

**थप जानकारीको लागि :**

मञ्जु पन्थी
सूचना अधिकारी
सम्पर्क नम्बर : ९८५७०७० ४१३

रिब्दीकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छल्दौली, पाल्पा लुम्बिनी, प्रदेश, नेपाल स्था. २०७३



प्रमुख प्रशासकीय अधिकृत